महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
आधिँखोला गाउँपालिका
स्याङ्जा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हूने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ७१ 　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　　मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
आधिँखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
स्याङजा।

कैफियत सहितको राय

हामीले आधिँखोला गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. आधिँखोला गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू १ करोड ६१ लाख ९६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू.२९ लाख ४१ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू २६ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू २४ लाख २८ हजार, नियमित गर्नुपर्ने रू १५ लाख १४ हजार र पेश्की रू ६६ लाख ९५ हजार रहेको छ । आधिँखोला गाउँपालिकाको गतवर्ष रु ३ करोड २९ लाख ६६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ४ करोड ५ लाख ९६ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

आधिँखोला गाउँपालिका

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
३०	२५	१६१९६	३०	७	२९४१	३०	१८	१३२५५	२६१८	१५१४	२४२८	०	०	३९४२	६६९५

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
स्याङजा	३२९६६	०	५६२५	२७३४१	०	१३२५५	४०५९६

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : आँधिखोला गाउँपालिका, स्यांजा , आँधिखोला गाउँपालिका , स्याङ्जा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	युवराज अधिकारी	२०७८-४-१	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	शेषकान्त पौडेल	२०७७-५-१८	
कार्यालय प्रमुख	गेदुराम ढकाल	२०७७-४-१	
लेखा प्रमुख	जीवन पौडेल	२०७७-४-१	
लेखा प्रमुख	आजाद पौडेल	२०७७-१०-१	
		बेरुजु रकम	१६,१९६,२८१

स्थानीय तह :

https://nams.oag.gov.np

गत बर्षको जिम्मेवारी		२,८४,२९,४६१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३४,६४,०३,६३१	**चालु खर्च**	२८,०३,६६,२४१.५४
प्रदेश सरकारबाट अनुदान	३,३०,६६,०००	**पूँजीगत खर्च**	१३,९४,४७,१७५
राजश्व बाँडफाँट	४,२३,०३,६४१	**वित्तीय/अन्य व्यवस्था**	८,५६,२९,०३६.९६
आन्तरिक आय	७,२४,९०,३३१		
अन्य आय	५,९०,४६,४७३.९५		
कुल आय	५५,३३,१०,०७६.९५	**कुल खर्च**	५०,५४,४२,४५३.५
बाँकी मौज्दात		७,६२,९७,०८४.९५	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना,२०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनकोमस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन बैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ।	
२			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।पालिका अन्तर्गत६ वडा, ३४ सभा सदस्य रहेका छन्।यसको क्षेत्रफल ६९.६१ वर्ग किलोमिटर रहेको छ।	
३			**लेखापरीक्षणको क्रममा असुली** सिंह बहादुर क्षेत्रीको आ व २०७३।७४ को पेश्की फछ्यौटको संपरीक्षणबाट कायम वेरुजू रु ३७३३४।०० असुली भई दाखिला भएको छ।	
४			**स्थानीय सञ्चित कोषः** आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।	

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत	जम्मा
प्राप्ती (क+ख)		४८६०८७७४०	४९२९७८३३८		४९२९७८३३८	५५५९४३२२३.८०		५५५९४३२२३.८०
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४७६२८७७४०	४८१८४१९०१	०	४८१८४१९०१	३८४५२३१८१.८०	०	३८४५२३१८१.८०
११००० कर	११	६०२१४६२०	५६१७८९३९	०	५६१७८९३९	३८५४५२२१	०	३८५४५२२१
१३००० अनुदान		४०८४९३१२०	४०९३५१५७०	०	४०९३५१५७०	३४३८४६१४९	०	३४३८४६१४९
संघीय सरकार	१२	३६५४२७१२०	३६८३०७८६०	०	३६८३०७८६०	२८५१९००००	०	२८५१९००००
प्रदेश सरकार	१२	३३०६६०००	३३०६६०००	०	३३०६६०००	५४२७६०००	०	५४२७६०००
जनसहभागिता		१००००००००	७९७७७१०	०	७९७७७१०	४३८०१४९	०	४३८०१४९
१४००० अन्य राजस्व		५५८००००	१६३११३९२	०	१६३११३९२	२१३१८११.८०	०	२१३१८११.८०
१५००० विविध प्राप्ति		२००००००	०	०	०	०	०	०
ख. अन्य प्राप्ति		९८०००००	१११३६४३७		१११३६४३७	१७१४२००४२		१७१४२००४२
कोषहरु		२००००००	२८५४७६०	०	२८५४७६०	६९०२८२१	०	६९०२८२१
धरौटी		०	८२८१६७७	०	८२८१६७७	१०९४१४०	०	१०९४१४०
संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम		७८०००००	०	०	०	१६३४२३०८१	०	१६३४२३०८१
भुक्तानी (ग+घ)		५३५४८७७४०	४१०९४७१२९.२०		४१०९४७१२९.२०	५५९१७०१५३.९२		५५९१७०१५३.९२
ग. भुक्तानी (सञ्चित कोषबाट)		५२५६८७७४०	४०८०१८८३५.१९		४०८०१८८३५.१९	३८७४६१८५१.९२		३८७४६१८५१.९२
२१००० पारिश्रमिक / सुविधा	१८	१७९५२५०००	१६६६७७०७४.१९	०	१६६६७७०७४.१९	१५७१६६२९४.८७	०	१५७१६६२९४.८७
२२००० मालसामान तथा सेवाको उपयोग	१८	१३६४९०२४०	९६९७९४९०	०	९६९७९४९०	३७३८७७५८	०	३७३८७७५८
२५००० सहायता (Subsidy)	१८	०	०	०	०	९०१०१७	०	९०१०१७
२६००० अनुदान	१८	२७८९०००	२७५७५००	०	२७५७५००	१६७७३३९५	०	१६७७३३९५
२७००० सामाजिक सुरक्षा	१८	३०००००	२१६५००	०	२१६५००	२६६४९५९	०	२६६४९५९
२८००० अन्य खर्च	१८	४०००००	३५४५००	०	३५४५००	७८१४००	०	७८१४००
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२०६१८३५००	१४१०३३७७१	०	१४१०३३७७१	१७१७८७०२८.०५	०	१७१७८७०२८.०५
घ. अन्य भूक्तानी		९८०००००	२९२८२९४.०१		२९२८२९४.०१	५५९१७०१५३.९२		५५९१७०१५३.९२
कोषहरु		२००००००	१९१४४०३	०	१९१४४०३	६५४८१३१	०	६५४८१३१
धरौटी		०	१०८५४८५	०	१०८५४८५	१७३७०९०	०	१७३७०९०

संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम		७८०००००	०	०	०	१६३४२३०८१	०	१६३४२३०८१
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(७१५९३.९९)		(७१५९३.९९)			
ङ. यो वर्षको बचत (न्युन)		(४९४०००००)	८२०३१२०८.८०		८२०३१२०८.८०	(३२२६९३०.१२)		(३२२६९३०.१२)
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			२८४२९४६१		२८४२९४६१	३२४३१७५४		३२४३१७५४
वर्षान्तको बाकी रकम (ङ + च)		(४९४०००००)	११०४६०६६९.८०		११०४६०६६९.८०	२९२०४८२३.८८		२९२०४८२३.८८
बैंक तथा नगद बाकी	२४		११३२२७१७४.८०		११३२२७१७४.८०	२७१०१६१३.८८		२७१०१६१३.८८

५

वित्तिय विवरण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीकोव्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

v यस स्थानीय तहलेNPSASअनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन(म=ले=प=फा= नं= २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.९ करोड ४४ लाख ९६ हजार समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।

v स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।

v स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोषमा फिर्ता गर्नुपर्नेव्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ।

v बैंक मौज्दातः सुत्रको वित्तिय प्रतिवेदन म ले प फा नं २७२ मा वर्षान्तको बाँकी मौज्दात रु. ११३२२७१७४.८० देखिएकोमा पालिकाले पेश गरेको प्रमाणित एकिकृत आर्थिक विवरणमा विभिन्न ९ वटा खातामा रहेको बैंक मौज्दात रु.७६२९७०८४.४५ रहेको छ।सुत्रमा बढी देखिएको बैंक मौज्दात रु.३६९३००९०.३५ को सम्वन्धमा पालिकाले एकिन गरी बैंक हिसाव मिलान तयार पारी हिसाव मिलान गर्नु पर्दछ।

स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसारको वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तथ्याङ्कमा एकरुपता देखिदैन।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।

६

गत वर्षको जिम्मेवारी ३५४,७६०

सुत्रको म.ले.प.फा.नं. २७२ तथा पालिकाले पेश गरेको प्रमाणित एकिकृत आर्थिक विवरणमा गत वर्षको मौज्दात रु.२८४२९४६१।०० जिम्मेवारी सारी आम्दानी बाँधिएको छ। गत आ.व को विभिन्न कोष समेतको यथार्थ बैंक मौज्दात रु.२८७८४२२१।०० रहेको तथा सोही रकम जिम्मेवारी सारी आम्दानी बाध्नु पर्नेमा रु.२८४२९४६१।०० मात्रै

			जिम्मेवारी सारिएकोले कम जिम्मेवारी सारिएको रु.३५४७६०।०० को जिम्मेवारी सारी आम्दानी बाँधी सोको प्रमाण पेश गर्नुपर्ने रु..	
७			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन। • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। · राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन। · अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । · स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन। · दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो। · वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन। · पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो। · जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । · मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा ई-टीडिएस गरेको छैन।	

· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयारगर्नुपर्नेमा तयार गरेको पाईएन।
· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा नियमावलीको नियम ९ वमोजिम प्रत्येक सआर्थिक वर्षको कार्तिक मसान्त भित्र अनुसुची २ को ढाँचा वमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,
- वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,
- सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,

			• सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्ने व्यवस्था बमोजिम पालिकाले १८ ऐन, ६ कार्यविधि तथा १ आँधीखोला गाउँपालिका कार्य विभाजन नियमावली जारी गरी कार्यान्वयनमा ल्याएको पालिकाले दिएको विवरणमा छ।पालिकाले आवश्यक विषयमा ऐन कानून बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ।	
८			**वजेट पेश पारित र अख्तियारी** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७७।०३।१० गते रु.४६ करोड ७६ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१० मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७७।३।१५ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।	
९			**सेवा प्रवाह** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ताको लागि १००० ले निवेदन दिएकोमा १०००, घरवाटो सिफारिश २०० , नागरिकता सिफारस ६१४, नाता प्रमाणित ६००, बसाइसराई ७४, तथा अन्य २५२ संख्यामा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो।पालिकाले विवाह दर्ता, सम्वन्ध विच्छेदपञ्जीकरण दर्ता तथा पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथामापदण्ड समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।	
१०			**योजना तथा कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजनाछनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:	

सि न	विवरण	योजना संख्या	रकम (रु.हजारमा)
१	१ लाख भन्दा कमको योजना	३	३८०
२	१ लाख देखि पाँच लाख सम्मका योजना	९७	२००००
३	५ लाख देखि १० लाख सम्मका योजना	१७	१०२७५
४	१० लाख एक देखि ५० लाख सम्मा योजना	१७	२२८२६
५	५० लाख भन्दा माथिका योजनाहरु	१२	८५८८४
	जम्मा	१४६	१३९३६५

११

क्षेत्रगत वजेट तथा खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ।गाउँपालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छर। (रु.हजारमा)

सि.नं.	क्षेत्र/उपक्षेत्र	विनियोजन		खर्च	खर्च (%)
१	आर्थिकविकास	६३३५०		४६२४७	११.३४
२	सामाजिकविकास	२४१९२७		२०३२५९	४९.८३
३	पूर्वाधारविकास	१४८३११		१०६४०३	२६.०८
४	बन वातावरण तथा विपद व्यवस्थापन	२२००		१४६५	०.३६
५	संस्थागत विकास र सेवा प्रवाह	५१००		३३१३	०.८१
६	वित्तिय व्यवस्थापन तथा सुशासन	१४८००		९५६९	२.३५
७	कार्यालयसञ्चालन तथा प्रशासनिक	५००००		३७६६४	९.२३
कुल जम्मा				४०७९२०	१००

१२

आन्तरिक लेखापरीक्षण नभएको

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ।आन्तरीक लेखापरीक्षण नहुँदा आन्तरीक नियन्त्रण प्रणाली कमजोर हुने तथा जसवाट आय र व्ययको यथार्थता चित्रण समेत नहुने अवस्था रहन्छ। अतः पालिकाले आन्तरीक लेखापरीक्षण अनिवार्य गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्दछ।

१३

पूँजिगत खर्चको स्थिति

कार्यालयको कुल पूँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिवाट रकम खर्च भएको विवरण पेश भएको छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रोजगारी सिर्जना हुने तथा लाभग्राही समुदायलाई हस्तान्तरण हुने आयोजना मात्र उपभोक्ता समितीवाट गराउनुपर्नेमा जटिल तथा ह्याभी मेसिन समेत प्रयोग हुने रु.६ करोड ३८ लाखको कार्य १३६ उपभोक्ता समिति तथा लाभग्राहीवाट गराएको छ।उपभोक्ता समितिवाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नभएको कारण यसको गुणस्तर तथा दिगोपनाको पक्ष कमजोर हुन सक्ने देखिदाँ उपभोक्ता समितिमार्फत धेरै कार्य गराउने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

विवरण	रकम (रु.हजारमा)
खुला बोलपत्रवाट	१६५००४
सिलबन्दी दरभाउपत्रवाट	०
उपभोक्ता समिति वा लाभग्राही समुदायवाट	६३८००
सोझै खरिद	१५००
जम्माः	२३०३०४

१४

पूँजिगत चौमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ।पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुनेचौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ।जसअनुसार पुजीगत खर्चमध्ये आषाढ महिनामा मात्र कुल खर्चको करिव३८.६८ प्रतिशत खर्च भएको देखिन्छ भने प्रथम चौमासिकमा शून्य प्रगति भएको देखियो।वर्षान्तमाहतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

(रु हजारमा)

पूँजीगत वजेट	कुल खर्च	चौमासिकगत खर्च			असार महिनाको खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	
कुल पुँजीगत खर्च	१३९३७४	०	३७८९६	१०१४७८	५३९१२
प्रतिशत	१००	०	२७.१९	७२.८१	३८.६८

१५

न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो

			लगाउन बाँकी नरहेको पालिकाले दिएको विवरणमा उल्लेख छ।यो बर्ष १० मुद्दा दर्ता भएकोमा ८ फछ्यौट भई २ फछ्यौट हुन बाँकी रहेको पालिकाबाट प्राप्त विवरणमा उल्लेख छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।	
१६			**दिवा खाजा अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रतिविद्यार्थी १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षवाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था भएकोमा पालिकाले विद्यालयको विद्यार्थी हाजिरी वेगर ९० दिनको रु.३४१५५००।०० दिवा खाजा वापत विभिन्न विद्यालयलाई अनुदान निकासा दिएको छ।पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गरी आवश्यक प्रक्रिया पुरा गरीसकेपश्चात मात्र अनुदान निकासा दिने गर्नुपर्दछ।	
१७			**आर्थिक सहायता** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने,, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड,, २०७७ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिका चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा स्पष्ट प्रयोजन समेत नखुलाई विभिन्न व्यक्तिलाई रु.२६४५००।०० सहायता वितरण गरेको पाइयो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने लेख्नु पर्दछ।	
१८			**ऐच्छिक विषयः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउदा विद्यार्थी संख्या र पाठ्यपुस्तको दरको आधारमा सुरुवातमा ७५ प्रतिशत तथा भर्ना पश्चात विद्यार्थी संख्या एकिन गरी नपुग २५ प्रतिशत पाठ्यपुस्तक अनुदान उपलव्ध गराउने व्यवस्था भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं ३९५ मिति २०७८।०२।२५ को पत्रानुसार आ व २०७७।७८ को शैक्षिक सत्र २०७८ असाढ १ गते देखि मात्र प्रारम्भ हुने र त्यसपछी भर्ना भएका विद्यार्थीको विवरण पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने अनुदान रकम निकासाको प्रक्रिया अगाडी वढाँउदा चालु आ.व समाप्त हुने भएकोले विद्यालयमा विद्यार्थी भर्ना भई संख्या एकिन हुन नसकेमा शैक्षिक सत्र २०७७ को भर्ना संख्यालाई आधार मानि निशुल्क पाठ्यपुस्तक वापतको सत प्रतिशत अनुदान विद्यालयमा निकासा दिने परिपत्र भएकोमा पालिकाले विद्यार्थी भर्ना संख्या तथा ऐच्छिक विषय लिने विद्यार्थी संख्या एकिन नगरी कक्षा ९ र १० को ऐच्छिक विषयको	

<table>
<tr><td></td><td></td><td></td><td>अनुदान दिंदा क्रमशःएकमुष्ट रु.६४५ र रु. ६६० का दरले रु. १५६७३५ र रु. १६९६२० समेत गरी कुल रु.३२६३५५ निकासा दिएको पाईयो। विद्यार्थी संख्या यकिन नगरी एकमुष्ट अनुदान दिने प्रवृतिमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>वढी दर राखी पाठ्यपुस्तक अनुदानः
कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७७।७८ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउदा ईमिसमा प्रविष्टी तथ्याकंलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकंसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा निकासा दिनुपर्ने र अनुदान निकासा दिंदा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत दररेट बमोजिम पाठ्यपुस्तकको अनुदान निकासा दिनुपर्नेउल्लेख छ।पालिकाले पाठ्यक्रम विकास केन्द्रवाट स्वीकृत दररेट अनुसार अनुदान निकासा दिनुपर्नेमा तल उल्लिखित कक्षाका विद्यार्थीहरुलाई स्वीकृत दररेट भन्दा वढी दररेट राखि अनुदान निकासा दिएको पाईयो उक्त स्वीकृत दररेट भन्दा वढी अनुदान निकासा दिएको रकम सम्बन्धित विद्यालयहरुवाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>कक्षा</th><th>विद्यार्थी संख्या</th><th>निकासा दिएको दररेट</th><th>स्वीकृत दररेट</th><th>फरक दररेट</th><th>वढी निकासा</th></tr>
<tr><td>१</td><td>१९०</td><td>६४७</td><td>५१८</td><td>१२९</td><td>२४५१०</td></tr>
<tr><td>२</td><td>१८५</td><td>६९५</td><td>५४७</td><td>१४८</td><td>२७३८०</td></tr>
<tr><td>३</td><td>१९७</td><td>७२५</td><td>५७२</td><td>१५३</td><td>३०१४१</td></tr>
<tr><td>४</td><td>१६९</td><td>४६१</td><td>३६९</td><td>९२</td><td>१५५४८</td></tr>
<tr><td>५</td><td>१८४</td><td>५१०</td><td>४०८</td><td>१०२</td><td>१८७६८</td></tr>
<tr><td>६</td><td>२१०</td><td>८७१</td><td>६९७</td><td>१७४</td><td>३६५४०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१५२८८७</td></tr>
</table></td><td>१५२,८८७</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>विविध खर्च
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा सो खर्चलाई पुष्ट्याई गर्ने प्रमाण काजगात समेतको लेखा राख्नुपर्ने एंव नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम सम्वन्धी मापदण्ड, २०७७ को दफा ३ मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन, विविध खर्च लगाएतका शिर्षकमा खर्च गर्दा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले झोला, रेनकोट लगायतका शिर्षकमा जम्मा रु.३८५४९२।०० को खर्च भएको छ।यसरी हुने खर्चमा पालिकाले आगामी दिनमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
</table>

२१				**परामर्शदाताको पूर्वनिर्धारित क्षतिपूर्ति** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा परामर्शदाताको ढिलाईको कारणले खरीद संझौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न हुन नसकेमा संझौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति लिनुपर्ने उल्लेख छ।त्यस्तै कार्यालय एंव परामर्शदाता बिच भएको सम्झौतामा पनि समयमा काम सम्पन्न हुन नसकेमा प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति लिने व्यवस्था छ।पालिकाले सेपत भस्याङ्ग देउराली सडकको प्रारम्भिक वातावरणीय परीक्षण (आई.ई.ई) तयारी गर्ने कार्यको लागि परामर्शदाता ग्रीन भ्याली कन्सल्टेन्सी प्रा.लि.लाई मू.अ.कर वाहेक रु.४२०६४६।०० भुक्तानी दिएको पाइयो।उक्त कार्य गर्नको लागि मिति २०७७।५।२७ मा संझौता गरी २०७७।६।३० मा संपन गर्नुपर्ने गरी संझौता भएकोमा परामर्शदाताले तोकिएको अवधिमा काम नसकी मिति २०७७।८।१६ मा कार्य सम्पन गरी भुक्तानीको लागि निवेदन पेश गरेको छ।उल्लिखित आधारमा निज परामर्शदाताबाट ४५ दिन ढिला गरी काम भएकोले संझौता बमोजिम प्रतिदिनको रु.२१०।०० का दरले हुने जम्मा रु.९६६५।०० सम्वन्धितबाट पूर्व निर्धारित क्षतिपूर्ति असूल गर्नुपर्ने रु.	९,६६५
२२				**पेश्की बाँकी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ।पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी व्यक्तिसंस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु.	६,६९५,०००

गो. भौ. न. र मिति	पेश्की लिने व्यक्ति/फर्म/कम्पनी	प्रयोजन	म्याद ननाघेको	म्याद नाघेको
३४	सिंह एण्ड ब्रदर्श संस्कृति।श्री चम्पेश्वर जे.भी.	सेपत भसर्याङ वाङ्सिङ पञ्चासे सडक आयोजना	३२५००००	
५७	विवेक एण्ड कुवेर विल्डर्स	दत्तलोटे खानेपानी आयोजना	६०००००	
८६	सिंह एण्ड ब्रदर्श संस्कृति।श्री चम्पेश्वर जे.भी.	सेपत भसर्याङ वाङ्सिङ पञ्चासे सडक आयोजना	३२५००००	
१०	जनहित सेकेण्डरी स्कुल	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम		५९४०००
११	शारदा मन्दिर माध्यामिक विद्यालय	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम		५९४०००
१२	गाउँफर्क आ.वि.	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम		६०००००
१४	अन्धाअन्धी प्रकाश सेकेण्डरी स्कुल	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम		५९४०००
२१	अन्धाअन्धी प्रकाश सेकेण्डरी स्कुल	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम		११५२०००
२१	गाउँफर्क आ.वि.	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम		११४६०००
२१	जनहित सेकेण्डरी स्कुल	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम		११५२०००
६३	माझकटेरी राजास्वाँरा टोलमा सामुदायिक भवन निर्माण उ.स.	माझकटेरी राजास्वाँरा टोलमा सामुदायिक भवन निर्माण		८५०००
१७४	४ नं वडा कार्यालय भवन निर्माण उ.स.	गाउँपालिका वडा नं ४ को वडा भवन निर्माण		५०००००
१९५	चण्डीबनपाला सिंचाई कुलो निर्माण योजना उ.स.	सिंचाई योजना		५००००
१२७	सुनिल शर्मा	संचार महसुल		१५०००
१९९	निराजन लामिछाने	आँखा, नाक, कान, घाटी तथा मुख स्वास्थ्य सम्बन्धि प्राथमिक उपचार		१०००००

		वारे अभिमुखिकरण		
१९९	निराजन लामिछाने	समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकिकृत व्यवस्थापन		१०००००
२००	रविन पौडेल	अन्य विविध खर्च		१३०००
जम्मा			७१००००००	६६९५०००

सुत्रकोम.ले.प.फा.न २११ मा आ.व ०७७।७८ को अन्त्य सम्ममा फछ्यौट नभई बाँकी रहेको कूल पेश्की रु.१८४०२०००।०० मध्ये विभिन्न निर्माण व्यवसायी, उपभोक्ता समिति तथा पदाधिकारीहरुको नाममा रहेको पेश्की रकम लेखापरीक्षणको अवधिभित्र फछ्यौट भएकोले पालिकाबाट पेश्की फछ्यौट प्रयोजनको लागि अनुरोध भई आएकोमा उक्त रकमको परीक्षण सम्वन्धित आ.व.मा नै गर्ने गरी पेश्की फछ्यौट प्रयोजनको लागि मात्र जम्मा रु.४६०७०००।०० पेश्की फछ्यौट गरी बाँकी रु.१३७९५०००।०० पेश्की वेरुजू कायम गरिएको छ।

२३			**पेश्की फछ्यौट** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा पेश्की दिँदा निर्माण व्यवसायीबाट त्यस्तो पेश्की रकम खाम्ने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिने तथा उल्लिखित नियमको उपनियम (६) मा निर्माण व्यवसायीले खरिद संझौता बमोजिमको कार्य संझौता अवधिभित्र नगरेको कारणले पेश्की फछ्यौट हुन नसकेमा सार्वजिनक निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानतबाट प्राप्त गर्ने र त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ।पालिका र निर्माण व्यवसायी श्री गिता/ श्री क्रियटिभ जे.भी. बीच पालिका अन्तर्गतको फूलबारी पुवाँडाडा सडक स्तरउन्नती कार्यको लागि मिति २०७७।९।२७ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७६।९।२८ मा मू.अ.कर समेत रु.४ करोड ३१ लाख २४ हजारमा संझौता भई निर्माण कार्य भएको छ।खरिद संझौताको सामान्य शर्तनामाको बुदाँ नं ५७.३ मा पेश्की रकम संझौता अवधिको ८० (असी) प्रतिशत अवधिभित्र कट्टा गरी सक्नुपर्ने व्यवस्था गरेको छ।संझौताका आधारमा निर्माण व्यवसायीलाई दिएको पेश्की मिति २०७७ साल कार्तिक १५ मा फछ्यौट गरिसक्नु पर्नेमा रनिङ बील भुक्तानीमा पेश्की कट्टा गरेको पाइएन।निज व्यवसायीको नाममा बाँकी रहेको पेश्की रु.३७९४०००।०० मध्ये मिति २०७७।७।१९ को तेस्रो नरिङ वीलमा रु.५ लाख फछ्यौट भएको र बाँकी रु.३२ लाख ९४ हजार अन्तिम बील भुक्तानीमा कट्टा नभएकोमा उक्त रकम मध्ये लेखापरीक्षण अवधिमा ब्याज समेत रु.३४ लाख २० हजार असुल भई दाखिला भएको छ।बाँकी रु.३२ लाख ९४ हजारको १६ महिनाको व्याज रकम रु.४३९२००।०० समेत गरी रु. ३७३३२००।०० मा रु.३४ लाख २० हजार असुल भएको रकम कटाई बाँकी रु.३१३२००।०० असूल गर्नुपर्ने रु..	३१३,२००
२४			**कृषि तथा पशुमा अनुदानः** पालिकाले संघिय सरकारवाट हस्तान्तरित चालु कार्यक्रमवाट देहायवमोजिम कृषि तथा पशु अनुदान उपलब्ध गराएको छ।	

सि नं	भौचर नं	विवरण	रकम
१.	१५६	साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम	९६३५९६
२.	१४३	लागत साझेदारीमा भैसीं प्रवर्द्धन कार्यक्रम	२०३८९७५
३.	१५७	लागत साझेदारीमा बाख्रा पकेट कार्यक्रम	१५०००००
४.	१९०	कृषि उत्पादन पकेट संचालक समिति	२२०९९८५
५.	१९१	उन्नत मकै विउमा कृषकहरुलाई अनुदान	२८००००
६.	२८९	५०% अनुदानमा प्लास्टिक टनेल खरिद अनुदान	८७९९९८
७.	२९७	५०% अनुदानमा सुन्तला विरुवा खरिद अनुदान	४२९६००

· सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिकरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरीमात्र वितरण गर्नुपर्दछ।

· अनुदान दिएका कृषकको अनुमान गरी उत्पादन र उत्पादकत्व सम्बन्धमा लिखित प्रतिवेदन तयार गरेको छैन।

· विभिन्न कार्यविधिहरुमा एक पटक कुनै तहवाट अनुदान लिएकाको हकमा २।३ वर्षसम्म कुनै पनि तहका सरकारले अनुदान नदिने उल्लेख भएकोमा सो को विवरण देखिने गरी कागजात रहेको देखिदैन।

· केहि मापदण्ड तथा पुराना कार्यविधिमा अनुदान ग्राहिले कम्तिमा १० वर्षसम्म अविच्छिन्न रुपमा प्रस्ताव वमोजिमको कार्य गर्नुपर्ने उल्लेख भएकोमा सो को परिपालनाको लागि संयन्त्र विकास गरेको छैन। जसले गर्दा अनुदान लिने र अवधि सकिएपछि काम छाड्ने प्रवृति देखिएकोले यसमा नियन्त्रण गर्ने गरी क्रियाकलाप संचालन गर्नुपर्ने देखिन्छ।

· अनुदानग्राहीले ३ वटै सरकारवाट अनुदान लिए नलिएको सुनिश्चित गरेको छैन।

· कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि विमा तथा पशु विमामा अनुदानका कार्यक्रम संचालन गर्दे आइरहेको छ।पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने निति तय गर्नुपर्नेमा विमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखिन्छ। एक सरकारले ल्याएको नितीलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२५

लागत अनुमान

सार्वजनिक खरिद ऐन¸२०६३ को दफा ५ मा निर्माण कार्यको बाहेक एक लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएको एंव नियमावली¸ २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामानको मर्मत संभारको लागत अनुमान तयार गर्दा सो निकायमा सोसंग दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट त्यस्तो

			कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति फर्म वा कम्पनीबाट लागत अनुमान तयार गर्न लगाउने व्यवस्था भएकोमा पालिकाले कार्यालयका सवारी साधन मर्मतमा विभिन्न पार्टीसंग वर्षभरीमा रु.१० लाख ९९ हजार खर्च भएको छ।पालिकाले सवारी साधनहरुको मर्मत संभार गर्दा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान स्वीकृत गरेको पाइएन।पालिकाले लागत अनुमान स्वीकृत गराएर मात्रै खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।	
२६			**बढी भुक्तानी** पालिका र सम्वृद्धि नेपाल ईन्जिनियरिङ सर्भिसेस एण्ड रिसर्च सेन्टर प्रा.लि.बीच हरिपाला टिकाजा आँधीखोला पुलको डि.पि.आर तथा शहरे अघौली सिरुवारी सडक तथा फूलबारी कटेरा सडक खण्डको डि.पि.आर कार्यको लागि संझौताअ बमोजिम रु.१८ लाख ८६ हजार भुक्तानी भएको छ।निज परामर्शदाताले दिएको डि.पि.आरको प्रतिवेदनमा उल्लिखित दुई सडक मध्ये पहिलो सडकको लम्वाई ५.१५ कि.मी र दोस्रो सडकको लम्वाई २.८३ कि.मी गरी जम्मा ७.९८ कि.मि को मात्र डि.पि.आर कार्य भएकोमा ८.१ कि मि पुरै भुक्तानी भएकोले प्रति कि.मि रु.७०२१८।०० का दरले ०.१२ कि.मि को रु.८४२६।०० बढी भुक्तानी भएकोले सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु..	८,४२६
२७			**नर्म्स भन्दा बढी भुक्तानी** नेपाल सरकार भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयबाट जारी भएको Feasibility Study, Detailed Engineering Survey, Soil Investigation, Hydrological Study and Detailed Design of the bridge and Road को लागि प्रति पुलसडकको लागि लाग्ने मानिसको लागत तथा सोसंग सम्वन्धित विविध खर्चहरु मध्ये यातायातमा मानिसको लागतको १०%, मेशिन तथा उपकरणमा १०% र मसलन्द तथा अन्यमा ५% गरी बढीमा २५% सम्म लागत समावेश गर्न सकिने व्यवस्था गरेको छ।पालिकाले विभिन्न खण्डको सडक तथा पुलको डि.पि.आर तयार गर्ने कार्यको लागिसम्वृद्धि नेपाल ईन्जिनियरिङ सर्भिसेस एण्ड रिसर्च सेन्टर प्रा.लि. संग भएको कार्यमा प्रति कि मी सडकको लागत अनुमानमा मेशिन,उपकरण तथा मानिसको लागत रु.२६९४३।०० को २५ प्रतिशतले हुने रु.६७३६।०० थप गरी लागत अनुमान तयार गर्नुपर्नेमा रु.१०७७७।०० राखेको पाइयो।लागत अनुमानको हाराहारीमा संझौता भई कार्य भएको छ।यसरी नर्म्सलाई आधार नमानी लागत अनुमान गर्दा ८.१ कि मी सडकको कार्यमा बढी भुक्तानी भएको रु.३२७३४।०० सम्वन्धितबाट असूल गर्नुपर्ने रु..	३२,७३४
२८			**सोझै खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा ५ लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान दररेट माग गरी सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार रु.२० लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान सिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस आ.व. मा कार्यालय संचालनको लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न आपूर्तकबाट जम्मा रु.२२ लाख ५९ हजारको मालसामान खरिद गरेकोमा नमुना छनौटको आधारमा लेखापरीक्षण गर्दा निम्न मिति र गो.भौ.न बाट एउटै फर्म÷आपूर्तकबाट पटक-पटक गरी रु.५ भन्दा बढीको मालसामान नियम विपरीत सोझै खरिद गरेको पाइयो।खरिद नियमावली विपरीत भएको खर्च अनियमित देखिएको रु..	१,४१७,८५४

गो भौ न मिति	विवरण	भुक्तानी पाउनेको नाम	भुक्तानी भएको रकम
१६१,२०७७.११.१४	कार्यालय सामान खरिद	लेखा कम्प्यूटर एण्ड सप्लायर्स स्याङ्जा	१८३८९५
२५८,२०७८.३.१२	कार्यालय सामान खरिद	लेखा कम्प्यूटर एण्ड सप्लायर्स स्याङ्जा	२८३०५३
७३,२०७७.७.१२	कार्यालय सामान खरिद	लेखा कम्प्यूटर एण्ड सप्लायर्स स्याङ्जा	४०६३८२
जम्मा			**८६३३३०**
२०७,२०७७.१२.१५	कार्यालय सामान खरिद	अस्मिता ट्रेड कन्सर्न पोखरा	२९१६६४
७६,२०७७.०७.२०	कार्यालय सामान खरिद	अस्मिता ट्रेड कन्सर्न पोखरा	२६२८६०
जम्मा			**५५४५२४**
कूल जम्मा			**१४१७८५४**

२९			**मू अ कर कट्टी नभएको** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा आपुर्ति वापतको रकम सम्वन्धित निर्माण व्यवसायी, आपुर्तिकर्ता वा परामर्शदातालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको 50 प्रतिशत रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले पालिका अन्तर्गतका विभिन्न खण्डको सडक तथा पुलको डि.पि.आर तयार गर्ने कार्यको लागि सम्वृद्धि नेपाल ईन्जिनियरिङ सर्भिसेस एण्ड रिसर्च सेन्टर प्रा.लि.संग भएको संझौता बमोजिमको मू.अ.कर बाहेक रु.१६६८७६५।०० को भुक्तानीमा मू.अ.कर रु.२१६९४०।०० को ३० % ले हुने रु.९७६२३।०० सम्वन्धितबाट असूल गर्नुपर्ने रु...	९७,६२३
३०			**दर फरक परेकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा सम्वन्धित कार्यको स्वीकृत नर्म्स तथा जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पुतलीखेत तथा वरपिपले मोटरवाटो नाली मर्मत तथा गोरेटो बाटो संरक्षण कार्यको Excavationकार्यको दर विश्लेषण गर्दा प्रति घनमिटर रु.४२६.०७ राखी राखि दर विश्लेषण गरेकोम प्रति घ.मि. रु.६३९.०१ का दरले जम्मा ४५० घ.मि. कामको भुक्तानी गरेको छ।यसरी भुक्तानी भएको रकमबाट थप व्ययभार परेको रु..	९५,८२३
३१			**प्रधानमन्त्री रोजगार कार्यक्रमः**	

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीय तह भित्रप्र धानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा नगर सरसफाई,नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका ११ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४६ जनालाई रोजगारी उपलव्ध गराई रु.३० लाख ६४ हजार खर्च गरेको छ। लक्षित वर्गलाई ७६ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>भरपाई पेश नभएकोः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाले देहाय वमोजिमका कार्यक्रममा उन्नत विरुवा तथा विउविजन खरिद गरेकोमा केहि परिमाण वितरण गरेको भरपाई पेश भएको र केहि परिमाण वितरण गर्न नै वांकी रहको पाईयो।पालिकाले उक्त वितरण विरुवा तथा विउ विजन वितरण गरेको भरपाई पेश गर्नुपर्दछ रु.
<table>
<tr><td>गो.भौ.न.।मिति</td><td>विवरण</td><td>खरिद गरेको परिमाण</td><td>वितरण गरेको परिमाण</td><td>वांकी परिमाण</td><td>दर</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>२९७।२०७८।३।२३</td><td>सुन्तला विरुवा</td><td>५०७० वटा</td><td>३७८० वटा</td><td>१२९० वटा</td><td>८०</td><td>६२६४०</td><td>५०७ विरुवा नाश</td></tr>
<tr><td>२९०।२०७८।३।२२</td><td>उन्नत धानको विउ</td><td>११७७ के.जि.</td><td>९९० के.जि.</td><td>१८७ के.जि.</td><td>७०</td><td>१३०९०</td><td></td></tr>
<tr><td>१९१।२०७८।३।२२</td><td>मकै विउ अनुदान</td><td>१७२७ के.जि.</td><td>१६१६ के.जि.</td><td>१११ के.जि.</td><td>८०</td><td>८८८०</td><td></td></tr>
<tr><td>२८९।२०७८।३।२२</td><td>प्लास्टिक टनेल</td><td>२०० वटा</td><td>१४३ वटा</td><td>५७ वटा</td><td>३८९४</td><td>२२१९४७</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>३०६५५७</td><td></td></tr>
</table></td><td>३०६,५५७</td></tr>
<tr><td>३३</td><td>१९१</td><td>२०७८-३-२२</td><td>अनुदान वढी निकासाः
उन्नत विउमा कृषकहरुलाई अनुदान कार्यक्रम संचालन प्रक्रिया,२०७७ को २.२ मा कृषकहरुलाई अनुदान उपलब्ध गराउँदा उन्नत विउको प्रतिस्पर्धात्मक विक्रि मूल्यको वढीमा ५०% अनुदान दिने उल्लेख रहेको छ।पालिकाले सगरमाथा कृषक समुहलाई उन्नत जातको धानको विउ वितरण कार्यक्रम अन्तर्गत रु.४१७६०।०० विल वरावरको पुरै रकम भुक्तानी दिएको पाईयो। उक्त कार्यक्रम संचालन प्रक्रिया भन्दा वढी भुक्तानी दिएको रकम असूल गर्नुपर्ने रु.</td><td>२०,८८०</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>फिल्ड भत्ताः
अर्थमन्त्रालयबाट जारी तलवमान सम्बन्धि परिपत्रको फिल्ड भत्ताको आधार अनुसार फिल्डमा अर्थात गाउँ गाउँमा बसी काम गर्ने नापि विभागका टोली, जिल्ला कृषि शाखाका जे.टी. र ए. जे.टी जस्ता कर्मचारी, तथ्याकं विभागका तथ्याकं लिने टोली, जिल्ला सहकारी कार्यालयका फिल्डमा काम गर्ने कर्मचारी, गाउँ गाउँमा घुम्ने जिल्ला शिक्षा कार्यालयका</td><td>२६१,६५०</td></tr>
</table>

			निरिक्षक, मातृ शिशु कार्यकर्ता र ग्रामिण कार्यकर्ता, अदालतका तामलेदार, अमिन आदि जस्ता कर्मचारीले फिल्ड भत्ता पाउने व्यवस्था छ। प्रत्येक महिना कम्तिमा १६ दिन फिल्डमा काम गर्न खटिएको हुनुपर्ने र निजले काम गरेको कार्यक्षेत्रको वडा अध्यक्षको सिफारिस आवश्यक पर्ने उल्लेख छ। हाल मातृ शिशु कार्यकर्ता र ग्रामिण कार्यकर्ता पद खारेज भई पदेन अनमी र अहेव रहेको अवस्था छ र पालिकावाट पेश भएको हाजिरी विवरण अनुसार कुनै पनी कर्मचारीले फिल्डमा १६ दिन काम गरेको देखिदैन।मातृ शिशु कार्यकर्ता र ग्रामिण कार्यकर्ता पद नै नरहेको अवस्थामा र न्युनतम कार्यदिन नै नपुगि फिल्ड भत्ता भुक्तानी गर्नु औचित्यपूर्ण देखिँदैन।औचित्य वेगर प्रदान गरीएको फिल्ड भत्ता सम्बन्धित कर्मचारीवाट असूल गर्ने रु.	
३५			**वढी भुक्तानीः** नेपाल सरकारले जारी गरेको तलवमान अनुसार स्थायी निजामति कर्मचारीलाई मासिक रु.२००० का दरले महंगी भत्ता उपलब्ध गराउने व्यवस्था छ। छ नमुना छनौट गरी आषाढ महिनाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहाय वमोजिमका २ जना कर्मचारीलाई सेवाका शर्त तथा नियमावली भन्दा वढी भुक्तानी दिएको पाईयो। उक्त वढी भुक्तानी दिएको रकम सम्वन्धित कर्मचारीवाट असूल गर्नुपर्ने रु. कर्मचारीको नाम | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | वढी भुक्तानी डा. मदन ज्ञवाली | २००० | ७३७५ | ५३७५ डा. गणेश वाग्ले | २००० | ७३७५ | ५३७५ जम्मा | | | १०७५०	१०,७५०
३६			**पारीश्रमिक करः** आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारीवाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायतका अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले कर्मचारीको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएको असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु	४०,४४६

नाम	वार्षिक आय	कुल कट्टी	करयोग्य आय	तिनुपर्ने कर	तिरेको कर	वाँकी कर
मदन ज्ञवाली	६८८६४४	११९४२४	५६९२२०	१८४४	४५००	१३८४४
गणेश वाग्ले	६८८६४४	१७४३३६	५१४३०८	१०९३१	४५००	६४३१
डिल्लीराम अधिकारी	६५२०९८	१६५०८४	४८७०१४	८२०१	४५००	३७०१
अर्जुन चापागाई	५५९४७०	०	५५९४७०	१६३९४	४५००	११८९४
लोक प्रसाद लामिछाने	५७२७२०	९९८४०	४७२८८०	६७८८	४५००	२२८८
दिना ढकाल	५७२७२०	९९८४०	४७२८८०	६७८८	४५००	२२८८
जम्मा						४०४४६

३७

औषधी खरिदः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँ सम्मको औषधि जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेखछ। पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट रु.१८ लाखको औषधी खरिद गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

· आपूर्ति हुने औषधि डव्लु. एच. ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषयविज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,

· आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,

· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

· पालिका द्धारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको,

· म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,

· पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्ने

			तर्फ ध्यान दिनुपर्दछ।	
३८			**वढी दरमा पाठ्यपुस्तक अनुदान निकासाः** शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.१३(९.६) मा विद्यालयलाई निकासा भएको पाठ्यपुस्तक अनुदानको रकम मध्ये ७५ प्रतिशत रकम पाठ्यपुस्तक सामाग्री खरिद तथा बाँकी २५ प्रतिशत रकम फर्निचर लगायतका शिर्षकमा खर्च गर्न सकिने व्यवस्था भएकोमा पालिका अन्तर्गतकोत्रिशक्री मा.वि.लाई उक्त शिर्षकमा निकासा भएको रु.६५००००।०० मध्येबाट सोको २५ प्रतिशतले हुने रु.१६२५००।०० को फर्निचर खरिद गर्नुपर्नमा रु. २५१०००।को खरिद भएकोले बाँकी रु.३९९०००।०० को मात्र विज्ञान प्रयोगशाला सामाग्री खरिद भएको पाइयो।विद्यालयले कार्यान्यवन पुस्तिकामा उल्लिखित भन्दा रु.८८५००।०० को कम खरिद भएकोले विद्यालयले पुस्तिकामा भएको व्यवस्था बमोजिमको खरिद गरी सोको दाखिलाको प्रमाण पेश गर्नुपर्ने अन्यथा कम खर्च भएको रकम सम्वन्धित विद्यालयबाट असूल गर्नुपर्ने रु.	८८,५००
३९			**आन्तरिक आयः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिसदस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन।यो वर्ष आन्तरिक आय वापत रु. ७२ लाख ४९ हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न.हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।	
४०			**घटीदरमा कर उठाएकोः** गण्डकी प्रदेश सरकारले जारी गरेको गण्डकी प्रदेश आर्थिक ऐन, २०७७ को अनुसूची ६ मा रोडा, ढुङ्गा, गिट्टी, चिप्स, गेग्रन, चट्टानको संकलनको दर प्रति क्यूफिट रु. ७ निर्धारण गरेको छ। गडण्की प्रदेश सरकारबाट जारी भएको ढुंगा**,** गिट्टी**,** बालुवा उत्खनन संकलन क्रसिङ्ग र विक्रीवितरण तथाक्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि**,** २०७५ कोदफा ९ मा उक्त सामानको दररेट प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था रहेको छ।पालिकाले यस आ.व. मा आय ठेक्का लगाएको रंगेठाटी नाका माथी गावटे पुलको मुखघाट, बहियाघाट, च्याटेघाट तथा सरादी खोला घाट नाकासम्म घाटमा प्रदेश सरकारले तोकेको प्रति क्यूफिटको दर रु.७ नराखी न्यूनतम रकम निर्धारण गरि नदीजन्य पदार्थ विक्रीको लागि उक्त घाटको आय ठेक्का लगाई मू.अ.कर सहित रु.९९९९९९।०० आम्दानी प्राप्त गरेको देखियो।पालिकाले प्रदेश सरकारले निर्धारण गरेको प्रति क्यूफिट रु.७ दर राखीराजश्व संकलन गर्नुपर्नेमा सो नगरी प्रति क्यूफिट रु. ७ भन्दा कम दरमा न्यूनतम मुल्यांकंन गरी आय ठेक्का गरेको छ। जसवाट प्रदेश सरकारवाट जारी भएको दरमा आय संकलन नभइ पालिकाले राजश्व गुमाएको देखियो।पालिकाले आर्थिक ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।	
४१			**व्यवसाय दर्ता तथा नविकरणः**	

			पालिकाद्धारा स्थानीय राजपत्रमा प्रकाशित आर्थिक ऐन, २०७७ मा पालिका क्षेत्रभित्र व्यापार, व्यवसाय, सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय दर्ता गर्नुपर्ने तथा ऐनको अनूसूचीमा तोकिए बमोजिम कर निर्धारण गरी असूल गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाको क्षेत्रभित्र संचालित व्यवसायीहरुपालिकामा दर्ता भई करको दायरामा आएको पाइएन।पालिकाभित्र २०७८।७९ सम्म दर्ता भएका व्यवसायीको संख्या माग गरिएकोमा पालिकाबाट सोको विवरण प्राप्त नभएकोले दर्ता, खारेजी तथा नवीकरणको स्थितिको वारेमा एकिन हुन सकिएन। पालिकाले सोको यथार्थ विवरण अद्यावधिक गर्नुपर्दछ।	
४२			**राजश्व छुटः** करारको पालना गर्नु करारीय पक्षको दायित्व हो। नागडाँडा कार्किनेटा सडक खण्डको सेति दोभान खोला देखि हिलेखोला सम्मको सडक उपयोग मर्मत शुल्क संकलनको लागि पालिका र निर्माण व्यवसायी सुप्रिम कन्स्ट्रक्सन विच मिति २०७७।७।१८ मा मू.अ.कर समेत रु.१५००६४०।०० राजश्व दाखिला गर्ने सम्झौता भएको छ। सम्झौतामा बन्द,हडताल वा अन्य यस्तै कारण देखाई राजश्व छुटको लागि दावि नगर्ने गरी सम्झौताका शर्तहरु भएकोमा समेत निज निर्माण व्यवसायीको निवेदनको आधारमा राजश्व परामर्श समितिको सिफारिसमा पालिकाले रु.५लाखराजश्व छुट दिएको छ।जिल्ला प्रशासन कार्यालय स्याङ्जावाट जारी भएको कोभिड-१९ को रोकथाम नियन्त्रणको लागि भएको निषेधाज्ञाको अवधि ठेक्का अवधिभर जम्मा २६ दिन मात्र भएको देखिन्छ।निर्माणव्यवसायिले जम्मा २५२ दिनको प्रति दिन रु.५९५५ का दरले राजश्व संकलन गरी रु.१५००६४०। बुझाउनुपर्नेमा २६ दिन निषेधाज्ञाको अवधि कटाई वाकी २२६ दिनको जम्मा रु.१३४५८३०। बुझाउनुपर्नेमा रु.१० लाख मात्र बुझाई बांकी राजश्व छुट दिएकोले वढी छुट दिएको रु.३४५८३० सम्बन्धितवाट असुल गर्नुपर्ने रु.	३४५,८३०
४३			**ट्याककोटमा बढी भुक्तानी** भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टाण्डर्ड स्पेशिफिकेशन, २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्याचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा विटुमिनको परिमाण प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नयाँ सडकमा प्राइम कोटको कार्यमा प्रतिवर्गमिटर ०.५० देखि ०.६० लिटर विटुमिन लाग्ने उल्लेख छ।पालिका अन्तर्गतको फूलबारी पुवाँडाडा सडक स्तरउन्नती कार्यको लागि निर्माण व्यवसायी श्री गिता/ श्री क्रियटिभ जे.भी. संग भएको संझौता बमोजिमको प्राइम कोटको कार्यमा प्रतिवर्गमिटर ०.५० देखि ०.६० लिटर विटुमिन प्रयोग गर्नुपर्नेमा प्रति वर्गमिटर १ लिटर राखी प्रति लिटररु.१५० का दरले ८४०० वर्ग मिटरको भुक्तानी भएको छ।बढी विटुमिनको परिमाण प्रति वर्ग मिटर ०.४ लिटरका दरले ८४०० वर्ग मिटरको ३३६० लिटरको प्रति लिटर रु.१५०।०० का दरले हुने रु.५०४०००।०० को मू.अ.कर समेत रु.५६९५२०।०० सम्वन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु..	५६९,५२०
४४			**बि ओ क्यू मा सवारी भाडा** सार्वजनिक लेखा समितिको मिति २०६९ बैशाख ८ को निर्यणले निर्माणि कार्यको बी.ओ.क्यू.मा सवारी साधनको भाडा समावेश गरी निर्माण व्यवसायीलाई भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले बाङसिङ स्वास्थ्य चौकीको भवन निर्माण लगाएतको कार्यको लागि सुन्दर निर्माण सेवा प्रा. लि.संग मू.अ.कर समेत रु.१५७४२७५३।०० मा भएको संझौताको वी.ओ.क्यू. मा गाडी भाडा वापत रु. ४५००००।०० राखी भुक्तानी भएको छ।यसरी भएको व्यवस्थाको विपरीत खर्च भएको रकमबाट सम्वन्धित सरकारलाई अतिरिक्त व्ययभार पर्ने हुँदा आगामी दिनमा यस्ता कार्यमा नियन्त्रण गर्नपर्दछ।	

४५			**५० प्रतिशत मू अ कर असुल नभएको** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ सस्थाले ठेक्का वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा आपुर्ति वापतको रकम सम्वन्धित निर्माण व्यवसायी, आपुर्तिकर्ता वा परामर्शदातालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामवाट सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा जम्मा गरी वाँकी रहने कर वापतको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले पालिका अन्तर्गतका ६ वडामा बाटो मर्मत तथा पहिरो सफा गर्ने कार्यको लागि पालिका र पोखरा शिवम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.संग भएको संझौता बमोजिमको रु.२५९७३५८।०० को भुक्तानीमा रु.२२९८५४७।०० को मू.अ.कर रु.२९८८११।०० को ५० % ले हुने रु.१४९४०६।०० सम्वन्धितबाट असूल गर्नुपर्ने रु.	१४९,४०६
४६			**पूर्व निर्धारित क्षतिपूर्ति** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरीद संझौता बमोजिमको काम तोकिएको समयमा सम्पन्न हुन नसकेमा संझौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति लिनुपर्ने उल्लेख छ।त्यस्तै कार्यालय एंव निर्माण व्यवसायीबिच भएको सम्झौतामा समेत समयमा काम सम्पन्न हुन नसकेमा प्रतिदिन संझौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपुर्ति लिने व्यवस्था छ।पालिकाले बहुउदेश्यीय सभाहल तथा सपिङ्ग कम्प्लेक्स भवन निर्माण कार्यको मू.अ.कर समेत रु.२३७३९८१४।०९ मा मुक्तिनाथ निर्माण सेवा कास्कीसंग मिति २०७८।१।१५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७६।१।१६ मा संझौता भएको छ।निर्माण व्यवसायीले उक्त कार्य मिति २०७८।३।२८ मा सम्पन्न गरी कार्यालयमा अन्तिम बील भुक्तानीको लागि निवेदन दिएको देखियो।संझौता तथा नियमावलीमा भएको व्यवस्था अनुसार मू.अ.कर बाहेकको रु.२१००८६८५।०० को ०.०५% ले प्रतिदिनको रु.१०५०४।०० ले ढिला दिन ७३ को जम्मा रु.७६६८१७।०० सम्वन्धितबाट क्षतिपूर्ति असूल गरी दाखिला गर्नुपर्ने रु...	७६६,८१७
४७			**संझौता बमोजिमको कार्य नभएको** सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२८ मा खरिद संझौतामा भएको शर्तको निर्माण व्यवसायीले उल्लंघन गरेमा संझौता बमोजिमको कार्य नगर्ने निर्माण व्यवसायीको खर्चमा सार्वजनिक निकायले त्यस्तो कार्य गर्न लगाउन सक्ने व्यवस्था छ।बहुउदेश्यीय सभाहल तथा सपिङ्ग कम्प्लेक्स भवन निर्माण कार्यको मुक्तिनाथ निर्माण सेवा कास्कीबीच भएको संझौता बमोजिमको बी.ओ.क्यू. को आइटम नं १४ मा 38 mm Thick Salwood Panalled Shutter Worksको कूल परिमाण ६८.९९ वर्ग मिटर को प्रति वर्गमिटर रु.१०००।०० दर राखी संझौता भएको छ।भवनका सम्पूर्ण ढोकाहरुमा स्थानीय सालको काठ प्रयोग गर्ने भनी संझौता भएकोमा केही ढोकाहरुमा मात्रै सालको काठको प्रयोग गरी जम्मा २९.३६ वर्ग मिटर मात्रै सालको काठ प्रयोग भएको पाइयो।भवनको भँई तलाका ९ वटा ढोकामा प्लाईका ढोका राखी कार्य सम्पन्न भएको अन्तिम बील पेश गरी मिति २०७८।३।२८ मा अन्तिम वील भुक्तानी भएको छ।व्यवसायीले स्वीकृत स्पेशिफिकेशन तथा डिजाइन अनुसारको कार्यमा कमसल सामाग्री प्रयोग गरी भएको कार्यबाट भवनको गुणस्तरमा आश्वस्त हुन सकिएन।व्यवसायीको त्रुटी सच्याउने अवधि बाँकी भएको तथा कार्य सम्पन्न प्रतिवेदन समेत नदिएकोले बाँकी ९ वटा ढोकामा वि.ओ.क्यू अनुसार लाग्ने परिमाण ३९.६३ वर्ग मिटरको रु.१०००।०० का दरले हुने रु.३९६३००।०० वरावरको कार्य सम्वन्धित निर्माण व्यवसायीबाट गराउनु पर्ने देखिएको रु...	३९६,३००
४८			**विमा नगराएको** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१)अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु.१० लाख रुपैया भन्दा बढीमूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोके अनुरुप बिमा गराउनु पर्ने व्यवस्था छ।लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा दत्तलोटे दलित वस्ती खानेपानी आयोजना	

			निर्माण कार्यको लागि विवेक एण्ड कुवँर विल्डर्स प्रा.लि संग मू.अ.कर समेत रु.८६ लाख ७६ हजारको संझौता भई निर्माण कार्य भएकोमा उक्त ठेक्काको BOQ मा बिमाको प्रावधान राखेकोमा तोकिए बमोजिमकोविमा गरेको पाइएन।गाउँपालिकाले नियमावलीको पालना गर्नुपर्दछ।	
४९			**प्राविधिक मूल्यांकन नभएको** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ माप्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा निर्माण व्यवसायीलाई वील वा विजकको भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिका अन्तर्गतका ६ वडामा बाटो मर्मत तथा पहिरो सफा गर्ने कार्यको लागि पालिका र पोखरा शिवम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. संग प्रतिघण्टा मू.अ.कर बाहेक रु.१६३७।०० दरमा खरिद संझौता भएको छ।विभिन्न मिति र गोश्वारा भौचरबाट निज निर्माण व्यवसायीलाई प्रति कार्य वा चेनेजमा रु.५ लाखमा नबढाई जम्मा रु.२५९७३५८।०० भुक्तानी दिएको पाइयो।उक्त रकम वरावरको कार्य कुन-कुन मिति र कहाँ-कहाँ भएको भनी खुल्ने प्रमाण कागजात संलग्न नराखी कूल काम गरेको घण्टाको आधारमा प्रति घण्टाको उल्लिखित दरमा मू.अ.कर थप गरी भुक्तानी भएको छ।काम भएको आधारमा प्राविधिक मूल्यांकन गरी सम्वन्धित वडाको सिफारिस पत्र समेतका आधारमा भुक्तानी दिनुपर्नेमा सोझै प्रति घण्टाको आधारमा भुक्तानी दिएकोले उक्क रकम २५९७३५८।०० को प्राविधिक मूल्यांकन तथा वडाको सिफारिस पत्रको प्रमाण पेश गर्नुपर्ने रु..	२,५९७,३५८
५०			**डि एल पी अभिलेख** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।त्यस्तै सोही नियमको उपनियम २ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ।उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन सम्वन्धित सार्वजनिक निकायको वोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र सार्वजनिक निकायको प्रमुख र वोलपत्र स्वीकृत गर्ने अधिकारी एउटै व्यक्ति भएमा निज भन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः पालिकाले यसको अद्यावधिक अभिलेख राख्नुपर्दछ।	
५१			**पेश्की जमानत** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (१) मा निर्माण व्यवसायीलाई ऐनको दफा ५२(क) को अधिनमा रही पेश्की दिन सकिने उल्लेख छ।नियम ११३(३) मा पेश्की दिँदा निर्माण व्यवसायीबाट त्यस्तो पेश्की रकम खाम्ने गरी बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिने एंव उक्त बैंक जमानतको मान्य अवधि खरिद	

संझौतामा उल्लेख भएको पेश्की फछ्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने उल्लेख छ।निर्माण व्यवसायीसंग भएको संझौताको सामान्य शर्तमा खरिद संझौता अवधिको ८० प्रतिशत अवधिभित्र पेश्की फछ्यौट गरिसक्ने शर्त कायम भएको छ।पालिका अन्तर्गतको सेपत भस्याङ्ग देउराली पञ्चासे ग्रामिण सडक निर्माण कार्यको लागि सिंह एण्ड ब्रदर्श/ संस्कृति/ श्री चम्पेश्वरी जे.भी. संग मिति २०७९ पौष ४ गते निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७७ पौष ५ गते मू.अ.कर समेत गरी रु.६ करोड ५१ लाख ७५ हजारमा ठेक्का संझौता भएको छ।संझौताका शर्त बमोजिम दुई किस्तामा जम्मा रु.६५ लाख पेश्की दिएको छ।निर्माण व्यवसायीले माछापुच्छ्रे बैक लिमिटेडबाट जारी भएको बैंक जमानतको मान्य अवधि संझौता तथा नियमावलीमा भएको व्यवस्था भन्दा कम अवधिको पेश गरेकोले तोकिएको अवधिसम्मको बैंक जमानतको प्रमाण पेशगर्नुपर्दछ।

सि न	जमानत पेश गर्ने बैक	जमानत रकम	खरिद संझौता मिति	सम्पन्न गर्नुपर्ने मिति	हुनुपर्ने जमानतको मान्य अवधि	भएको जमानतको मान्य अवधि	कम अवधि
१	माछापुछ्रे बैक लिमिटेड	३२५००००	२०७७.९.५	२०७९.९.४	२०७९.५.४	२०७७.१२.१७	१७ महिना
२	माछापुछ्रे बैक लिमिटेड	३२५००००	२०७७.९.५	२०७९.९.४	२०७९.५.४	२०७८.४.१५	१३ महिना
	जम्मा	६५०००००					

५२

वितरण पाइप लाइन

गण्डकी प्रदेश सरकारले जारी गरेको वजेट तथा कार्यक्रम सम्वन्धी एकीकृत कार्यविधि, २०७७ को दफा २९ मा खानेपानी योजनाको वितरण प्रणालीको खन्ने पुर्ने कार्यमा कूल लागत अनुमानमा उपभोक्ताको लागत सहभागिता न्यूनतम दश प्रतिशत र बढीमा २० प्रतिशत हुनुपर्ने उल्लेख छ।पालिकाले दत्तलोटे दलित वस्ती खानेपानी आयोजनाको निर्माण कार्यको लागि मू.अ.कर समेत रु.१ करोड २६ लाख १७ हजारको लागत अनुमान तयार गरी निर्माण व्यवसायी विवेक एण्ड कुँवेर विल्डर्स प्रा.लि संग मिति २०७७।९।१७ मा मू. अ.कर समेत रु.८६ लाख ७५ हजारमा संझौता गरेको छ।पालिकाले खन्ने पुर्ने जम्मा कार्य १९७८ घनमिटर मध्ये ट्रासमिसन पाईप लाईन १०३३ घनमिटर र वितरण पाईप लाईन ९४५ घनमिटरको लागत अनुमान तयार गरी वितरण पाईप लाईन प्रणालीको समेत ठेक्का लगाएको पाइयो।सामान्यतया वितरण पाईप लाईनको लेइङ जोइन्टिङ्ग तथा पाइप खरिदको रकम मात्र सरकरी कोषबाट भुक्तानी दिई वितरण प्रणालीको खन्ने पुर्ने कार्यको सम्वन्धित उपभोक्ताबाट लागत सहभागिता गराउनु पर्दछ।पालिकाले आगामी आर्थिक वर्षमा यस्ता पक्षमा ध्यान दिनुपर्दछ।

५३

बिल वेगरको भुक्तानी ३९०,०००

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपा◌ंइ, प्रमाण कागजात, संलग्न गर्नुपर्ने उल्लेख छ। छ।पालिका अन्तर्गतको सेपत भस्याङ्ग देउराली पञ्चासे ग्रामिण सडक निर्माण कार्यको लागि सिंह एण्ड ब्रदर्श/ संस्कृति/ श्री चम्पेश्वरी

जे.भी लाई प्रथम रनिङ बीलबाट श्रमिक तथा सामाग्रीको बीमा बापतको रु.३९००००।०० को भुक्तानी भएकोमा उक्त रकमलाई पुष्टी गर्ने बील संलग्न नभएकोले सोको वीलको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु..

५४

नन् फाइलरलाई भुक्तानी

९८०,३७३

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा पालिकाबाट एक योजनामा सिंह एण्ड ब्रदर्श/ संस्कृति/ श्री चम्पेश्वरी जे.भी लाई मूल्य अभिवृद्धि कर रु.१९६०७४५।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि सम्म कर विवरण नबुझाई नन् फाइलर देखिएकोले उक्त रकमको आन्तरिक राजस्व कार्यालयमा मू.अ.कर दाखिला भएको कर समायोजन पत्र पेश हुनुपर्ने अन्यथा रु ९८०३७३।०० असुल हुनुपर्ने रु

भौ.नं. र मिति	योजनाको नाम	भुक्तानी पाउनेको नाम	भुक्तानी भएको रकम	प्यान नं.	विजक नं.	मू.अ.कर रकम	नन्फाइलर रहेको मिति
७.०७८.१.१२	सेपत भस्याङ्ग देउराली पञ्चासे ग्रामिण सडक	सिंह एण्ड ब्रदर्श/ संस्कृति/ श्री चम्पेश्वरी जे.भी	७३७१६२४	६१४५२८९२१	००२	८०३१९४	२०७७.९.३
२३.०७८.३.२६	सेपत भस्याङ्ग देउराली पञ्चासे ग्रामिण सडक	सिंह एण्ड ब्रदर्श/ संस्कृति/ श्री चम्पेश्वरी जे.भी	१००६१७९१	६१४५२८९२१	००३	११५७५५१	२०७७.९.३
	जम्मा					१९६०७४५	

५५

हेभी इक्यूपमेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ।उक्तनियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ।पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिककोसिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ।यसतर्फ गाउँपालिकाले अगामीदिनमा सुधार गर्नुपर्दछ।यसका केही उदाहरणहरु यसप्रकार रहेका छन।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो भौ नं./मिति</th><th>आयोजनाको नाम</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th></tr>
<tr><td>८.२०७८.३.२३</td><td>कृषि पुलको मुख ओहिया बसेवारी पंचमुल सडक उपभोक्ता समिति</td><td>४६३०५५८</td><td>डोजर, एक्साभेटर</td></tr>
<tr><td>१४.२०७८.३.२४</td><td>छहरे सफका थामाको डीलकोट पैदल मार्ग सडक उपभोक्ता समिति</td><td>९२९१४४</td><td>डोजर, एक्साभेटर</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५५५९७०२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>उपभोक्ता समितिको छनौट
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा रु.१करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाटगराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाईसार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरीप्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाबाटयस बर्षमा १३६ उपभोक्ता समितिबाट जम्मा रु.६ करोड ३८ लाखकोकार्य उपभोक्ता समितिबाट गराउँदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीमा भएकोव्यवस्थाकोपालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>ढुंगामा बढी भुक्तानी
पालिकाले छहरे सफका थामाको डीलकोट पैदल मार्ग सडक निर्माण कार्यको लागि छहरे सफका थामाको डीलकोट पैदल मार्ग उपभोक्ता समितिलाई आइटम नं ६ को Boulder Soiling and levelling Works कार्यको लागि प्रति घनमिटर ढुंगाको स्वीकृत जिल्ला दररेट रु.१२६०।०० का दरले ढुंगा सोलिङ्गको लागि नर्म्समा तोकिएको प्रति घनमिटरमा खेर जाने भाग २० प्रतिशत समेत गरी रु.१५१२ का दरले प्रति घनमिटरको दर राखी खर्च लेख्नु पर्नेमा उक्त २० प्रतिशतमा पुन २० प्रतिशतले हुने रकम थप गरी प्रति घनमिटर रु.१८१४।०० का दरले भुक्तानी भएकोले ३११ घनमिटर ढुंगाको प्रति घनमिटर रु.३०२ का दरले बढी भुक्तानी भएको रु.९३९२२।०० सम्वन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु....</td><td>९३,९२२</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>निष्क्रिय खाताः
सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छे ५ दफा २६(३) मा एक आर्थिक वर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक वैकंवाट अनुसूची-११ वमोजिमको ढांचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्वन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु वा कुनै कारण ले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्वन्धित वैङ्कवाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीत्र संचित कोषमा</td><td></td></tr>
</table>

			दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले अनुसूची -११ वमोजिमको ढाँचामा सेवा प्रदायक वैकंवाट विवरण माग गरेको पाईएन। पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।	
५९			**लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३ दफा ११ मा लाभग्राहीको मृत्यु भएमा बसाईसराई गरेर गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा ५ वर्ष उमेर पुरा गरेमा, नविकरण नगरेमा, कुनै लाभग्राहीले एक वर्षभित्र रकम नबुझेमा वा बैकं मार्फत भत्ता वितरण गर्दा लाभग्राहीको खाता निष्क्रिय रहेमा सम्बन्धित स्थानीय तहको मूल अभिलेखवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले लगत कट्टाको विवरण प्राप्त उपलब्ध नगराएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन।	
६०			**अनुगमन तथा सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही एनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्षको लेखापरीक्षणको क्रममा पालिकाबाट फछ्र्यौट भई पेश भए बमोजिम जम्मा रु.५६ लाख २५ हजार सम्परीक्षण भएको छ।	

आ .व.	वेरुजु दफा	वेरुजुको संक्षिप्त व्यहोरा	संपरीक्षण	
			संपरीक्षणका प्रमाण तथा आधार	रकम
२०७३।७४		गाउँ पार्श्वचित्र निर्माणको पेश्की फर्छ्यौट नभएको	बैकं दाखिला भएको भौचर पेश भएको	८००००
२०७५।७६	२०	दोहोरो वैठक भत्ता भुक्तानी	बैकं दाखिला भएको भौचर पेश	२४०००
२०७६।७७	१८	दोहोरो तलव भुक्तानी	तलव भत्ता दोहोरो नगएको	२२०१०
२०७६।७७	२४	परामर्शदाताको प्राविधिक मूल्याकंन त्रुटीपूर्ण रहेको	गाउँसभावाट नियमित भई आएको	१२६००००
२०७६।७७	२६	कार्यविधि विपरित अनुदान निकासा दिएको	गाउँसभावाट नियमित भई आएको	४४००००
२०७६।७७	२८	खर्चको विल भरपाई तथा कागजात वेगर भुक्तानी	सक्कल दाखिला तथा हस्तान्तरण फाराम पेश भएको	४६७५
२०७६।७७	३१	पेश्की फर्छ्यौट नभएको	बैकं दाखिला भएको भौचर पेश भएको।	३७९४०००
		जम्मा		५६२४६८५
निम्न वेरुजू दफाको हकमा संपरीक्षणको प्रक्रियामा रहेकोले संपरीक्षणको जानकारी पछि गराईनेछ।				
२०७६।७७	२३	सिमा भन्दा वढीको कार्य उपभोक्ता समिति मार्फत गराएको	लेखा समितको छलफल पश्चात दशौ गाउँसभावाट नियमित गराएको।	१००४८८३२